नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(.....मान्यता, समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:- २०८१।०८२
चलानी नं.:- ००५

मिति: २०८१।१२।१४

श्री स्वस्तिक पब्लिकेसन प्रा.लि.
कलंकी, काठमाडौं ।

विषय : स्वीकृति रद्द गरी कारवाही गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा त्यस पब्लिकेसनले स्वीकृत पाठ्यक्रम संरचना तथा विषयगत पाठ्यक्रम अनुसार यस केन्द्रमा पेस गरेको कक्षा ५ को सिर्जनशील नेपाली माला विषयको पाठ्यसामग्री शैक्षिक सत्र २०८०, २०८१ र २०८२ का लागि प्रकाशन गर्न यस केन्द्रबाट मिति २०७९।११।१४ मा स्वीकृतिपत्र लिई सो पत्रसमेत समावेश गरी २४८ पेज र मूल्य ३६५ भएको प्रथम संस्करण २०८० प्रकाशित गरी बिक्री वितरण गरेको देखिन्छ । यस केन्द्रको स्वीकृतिविना दोस्रो संस्करण, २०८१ राखेर पाठ्यसामग्रीको पेज सङ्ख्या २७२, मूल्य रु ४०० र लेआउट डिजाइन फरक पारी सोही विषयको पाठ्यसामग्री केन्द्रको स्वीकृति विना छपाइ गरी विद्यालयमा बिक्री वितरण समेत गरेको देखिन्छ। जबकि पाठ्यक्रम विकास केन्द्रले दिएको स्वीकृति अनुसार पेजसङ्ख्या २४८ र मूल्य रु ३६५ र विषयवस्तु उही हुनुपर्ने थियो । सो सम्बन्धमा किन यसो गरिएको हो स्पष्टीकरण पेस गर्नुहुन भनी यस केन्द्रबाट पत्रचार गरिएकामा त्यस पब्लिकेसनले मिति २०८१।१२।०८ मा पेस गरेको स्पष्टीकरणमा केही विषयका विज्ञहरूको सुझावअनुसार पेजसङ्ख्या थप गरिएको र कतिपय पाठमा केही अभ्यासहरू थप गरिएको भनी स्पष्टीकरण पेस भएकोमा उक्त स्पष्टीकरण चित्तबुझ्दो देखिएन । बजारमा बिक्री वितरणमा रहेको कक्षा ५ को नेपाली (सिर्जनशील नेपाली माला) विषयको पाठ्यसामग्री हेर्दा यस केन्द्रको स्वीकृतिविना नै सामग्रीको परिमार्जन गरी मूल्य वृध्दि गरेको, पेजसङ्ख्या थप गरेको र पाठका अभ्यासहरू थप गरिएको देखिन्छ । यी कार्यहरू गर्न आवश्यक देखिएमा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ अनुसार राजश्व तिरी स्वीकृतीका लागि यस केन्द्रमा पेस गर्नुपर्नेमा सो नगरेको कारण राजश्वको समेत हानी भएको देखिन्छ । स्वीकृति पत्र प्राप्त गरे अनुसारका पाठ्यसामग्री भन्दा भिन्न पाठ्यसामग्रीमा यस केन्द्रबाट प्रदान गरेको स्वीकृतिपत्र राखी स्वीकृतिपत्रको दुरुपयोग गरेको देखिन्छ । यी कार्यहरु नियतवश गरिएको देखिन आएको हुँदा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका,२०७९ को दफा ३० उपदफा (२) बमोजिम कक्षा ५ को नेपाली (सिर्जनशील नेपाली माला) विषयको पाठ्यसामग्री प्रकाशन तथा बिक्रीवितरण गर्न

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर
(....मान्यता, समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः- २०८१।०८२
चलानी नं.:-

मितिः ......२०८१।१२।१४......

यस केन्द्रवाट दिइएको स्वीकृती रद्द गरी २ बर्षसम्म स्वीकृति नदिने र उक्त पाठ्यसामग्री बिक्रीवितरण नगर्ने, नगराउन तथा बिक्री वितरण गरिएका ती पाठ्यसामग्रीहरु तत्काल फिर्ता गराउन सम्बन्धित प्रकाशकलाई निर्देशन दिने भनी यस केन्द्रको मिति २०८१।१२।१४ को निर्णयानुसार जानकारी गराइन्छ । साथै बन्देज गरिएको पाठ्यसामग्री बिक्रिवितरण गरेको पाइएमा प्रकाशकलाई कानुनबमोजिम थप कारवाही हुने व्यहोरासमेत जानकारी गराइन्छ ।

२०८१।१२।१४

विजयराज बढु
निर्देशक

**बोधार्थ**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौ ।

शिक्षा तथा मानव स्रोत विकास क्रेन्द्र, सानोठिमी, भक्तपुर ।

सूचना अधिकारी - पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर : जानकारीका लागि ।